नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# राहदानी विभाग
नारायणहिटी, काठमाण्डौ

## प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री कृष्ण बहादुर महराज्यूले आज एक समारोहका बीच राहदानी विभागले प्राप्त गरेको NS/ISO 9001:2015 प्रमाणपत्रको औपचारिक अनावरण गर्नुभयो। यस सँगै विभाग नेपाल सरकार अन्तर्गत NS/ISO 9001:2015 प्रमाणीकरण हुने पहिलो सरकारी निकायको रुपमा स्थापित भएको छ। यन्त्रवाचक राहदानी लागू भएदेखि नै सेवाग्राहीको सन्तुष्टीलाई अभिवृध्दि गर्ने र गुणस्तरीय सेवा प्रदान गर्ने मुख्य उद्देश्यलाई एकसाथ अगाडि बढाएको विभागले आफ्नो व्यवस्थापन प्रणालीलाई NS/ISO 9001:2015 प्रमाणिकरण गर्ने लक्ष्यका साथ करिव छ महिना अगाडिदेखि घनिभूतरुपमा राहदानी उत्पादन, वितरण लगायतका सेवाप्रवाह र व्यवस्थापनका क्षेत्रमा निरन्तर सुधार, अनुगमन, आन्तरिक र वाह्य परीक्षण समेतका कार्यहरु सम्पन्न गरेको थियो। यसैको परिणामस्वरुप विभागलाई 'गुणस्तरीय व्यवस्थापन प्रणाली' अन्तर्गत नेपाल गुणस्तर तथा नापतौल विभागद्वारा मिति २०७४ आषाढ २६ गते NS/ISO 9001:2015 प्रमाणीकरण गरिएको थियो ।

माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री कृष्णबहादुर महराज्यूले राहदानी विभागले गुणस्तरीय सेवाप्रवाह गर्ने अभिप्रायले शुरु गरेका सुधारका प्रयासस्वरुप प्राप्त गरेको उपलब्धिका लागि विभागका महानिर्देशक लगायत सम्पूर्ण कर्मचारी परिवार तथा परराष्ट्र सचिव एवं नेपाल गुणस्तर तथा नापतौल विभागलाई समेत बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो। राहदानी विभागको सफलता विभागमा कार्यरत कर्मचारीहरुको लगनशीलता, कार्यकुशलता र सक्रियताको कारण सम्भव भएको कुरा उहाँले उल्लेख गर्नुभयो। उहाँले सूचना प्रविधिको परिवर्तनशील अवस्थामा थप चूनौतीहरु अगाडि आउने बताउँदै त्यस्तो अवस्थामा चूनौतीको सामना गर्नसक्ने क्षमता अभिवृध्दि गर्न समेत निर्देशन दिनुभयो। राहदानी विभागको पारदर्शी, उत्तरदायी, चुस्त, सेवाग्राहीमैत्री, अनुमानयोग्य र भरपर्दो सेवाप्रवाहको निरन्तरताको सुनिश्चतताको प्रमाणस्वरुप प्राप्त NS/ISO 9001:2015 प्रमाणिकरण र यस प्रकारको उपलब्धीले नेपाल सरकारका अन्य निकायहरुको सेवाप्रवाह सुधारमा प्रेरणादायी हुने विश्वास व्यक्त गर्दै सफलताको शुभकामनाका साथ आफ्नो सारगर्भित मन्तव्य राख्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै परराष्ट्र सचिव श्री शंकरदास वैरागीले यस अवसरलाई एक खुशीको दिन भएको स्विकार्दै राहदानी विभागले एक उदाहरणीय कार्य गरेको कुरा बताउनुभयो। विभागले हासिल गरेको उपलब्धि परराष्ट्र मन्त्रालयका लागि मात्र नभै सम्पूर्ण सरकारी निकायहरुका लागि गौरव र प्रेरणाको विषय भएको कुरा बताउँदै विभागलाई धन्यवाद र आगामी दिनमा आइपर्ने थप चुनौतिहरु सामना गर्न तयार रहन समेत निर्देशन दिनुभयो। कार्यक्रममा नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक श्री विश्वबाबु पुडासैनीज्यूले NS/ISO 9001:2015 को संक्षिप्त परिचय दिंदै सङ्गठित संस्था - खासगरी सेवाप्रवाहमा अग्रपंक्तिमा रहेका सरकारी निकायहरुका लागि यसको महत्व रहने कुरा दर्शाउनु भयो। नेपालमा अन्तर्राष्ट्रिय गुणस्तरको समेत प्रमाणीकरण गर्ने आधिकारिक निकायको हैसियतमा उहाँले सरकारी निकायहरुमध्ये NS/ISO 9001:2015 प्रमाणपत्र प्राप्त गर्ने पहिलो निकाय राहदानी विभाग नै भएको जानकारी दिंदै यस उपलब्धिका लागि विभागलाई बधाई दिनुभयो।

माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री,ज्यू, परराष्ट्र सचिवज्यूलाई मार्गनिर्देशनका लागि धन्यवाद व्यक्त गर्दै विभागका महानिर्देशक श्री रामकाजी खड्काले विभागले NS/ISO 9001:2015 प्राप्त गर्न सेवाप्रवाह, सेवाग्राहीसँगको सम्बन्ध, सञ्चार र विभागको व्यवस्थापन पक्षसँग सम्बन्धित कार्यहरुको संक्षिप्त विवरण पेश गर्नुभयो। नेपाल गुणस्तर तथा नापतौल विभाग र NS/ISO 9001:2015 प्रमाणिकरणमा खटिएका विभागका कर्मचारीप्रति विशेष आभार प्रकट गर्दै विभागका महानिर्देशकले सेवाप्रवाहको भावना समेट्ने वाक्यांश (Motto) को रुपमा "Service with Sincerity and Smile" लाई विभागको नारा बनाएको जानकारी गराउनुका साथै विभागको निरन्तर प्रगतिको लागि सबै पक्ष तथा सरोकारवालाहरुबाट साथ, सहयोग र मार्गनिर्देशनको अपेक्षा रहेको बताउनुभयो।

विभागका निर्देशक श्री प्रकाशमणि पौडेलद्वारा सञ्चालित उक्त कार्यक्रममा विभागका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरु, नेपाल गुणस्तर तथा नापतौल विभागका कर्मचारीहरु लगायत सञ्चारकर्मीहरुको सघन उपस्थिति रहेको थियो।

राहदानी विभाग
परराष्ट्र मन्त्रालय
नारायणहिटी, काठमाडौं ।

०८ श्रावण २०७४